गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, कास्की, नेपाल

# पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०५/०१

यस मन्त्रालय मातहत संक्रामक तथा सरुवा रोग अस्पताल, कास्कीमा डायलायसिस सेवा प्रवाहको लागि तपसिलका पदहरुमा गण्डकी प्रदेश "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९" बमोजिम चालु आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपशिल:**

| क्र.सं | विज्ञापन नं. | पद | तह | न्युनतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/०८०-८१ | कन्सल्टेन्ट नेफ्रोलोजिष्ट | नवौं | नेफ्रोलोजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा डि.एम. वा फेलोसिप | १ |
| २. | २/०८०-८१ | कन्सल्टेन्ट जनरल फिजिसियन | नवौं | जनरल वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर तह उत्तीर्ण । | १ |
| ३. | ३/०८०-८१ | मेडिकल अधिकृत | आठौं | एम.बी.बी.एस वा सो सरह उत्तीर्ण | ५ |
| ४. | ४/०८०-८१ | स्टाफ नर्स पाँचौं | पाँचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | २० |
| ५. | ५/०८०-८१ | ल्याब टेक्निसियन | पाँचौं | मेडिकल ल्याब टेक्नोलोजी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | २ |
| ६. | ६/०८०-८१ | फार्मेसी सहायक | पाँचौं | फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | २ |
| ७. | ७/०८०-८१ | रेडियोग्राफर | पाँचौं | रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण | २ |
| ८. | ८/०८०-८१ | हेल्थ असिस्टेन्ट | पाँचौं | सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण | १ |
| ९. | ९/०८०-८१ | बायोमेडिकल टेक्निसियन | पाँचौं | आई. एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तीमा एक वर्षको तालिम वा बायोमेडिकल ईन्जिनियरिङमा प्रमाणपत्र तह उत्तीर्ण | १ |

**नोट:**

१. दरखास्त फाराम: यस मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित संक्रामक तथा सरुवा रोग अस्पताल, पोखरा-३०, लेखनाथ - ०६१५६४३६६, कास्कीमा दरखास्त पेश गर्नुपर्नेछ ।

२. दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु:

क. उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. र सोभन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, म्याद कामय रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि ।

ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिमा दरखास्तवाला स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ग. दरखास्त दिने अन्तिम दिन भित्र माथि २.क. मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ । साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ । रीत नपुगेको, म्याद नाघेको तथा शर्तसहितको आवेदन दर्ता गरिने छैन ।

३. काम गर्नुपर्ने स्थान: संक्रामक तथा सरुवा रोग अस्पताल, कास्की ।

४. दरखास्त दस्तुर: नवौं तहको लागि रु. १२००।- (बाह्र सय), आठौं तहको लागि रु. १०००।- (एक हजार) र पाँचौं तहको लागि रु. ५००।- (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ । (नोट: दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारामसाथ पेश गर्नु पर्नेछ ।)

क. कार्यालयको नाम: सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश ।

ख. कार्यालयको कोड नं. : ३५०००३९०१४

ग. राजस्व शीर्षक नं. : १४२२४ (परीक्षा शुल्क)

घ. बैक खाता नं : १०००१००२०००१०००० (सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने:- राष्ट्रिय बाणिज्य बैंक)

ङ. बैंक खाता नं : २७३०२०००००१००१००००१ (सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने:- नेपाल बैंक लिमिटेड)

५. दरखास्त दिने अन्तिम मिति: २०८०/०५/१५ गते शुक्रबार कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सम्म हुनेछ ।

६. परीक्षाको किसिम: अन्तरवार्ता तालिका मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिनेछ ।

७. तलब: प्रचलित कानुन बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र उपलब्ध हुनेछ ।

८. अवधि: चालु आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्म ।

९. उम्मेदवार हुनको लागि योग्यता:

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. उमेरको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

ग. भ्रष्टाचार तथा फौजदारी अभियोगसम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।

घ. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ ।

१०. अन्य विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभसाइट mohp.gandaki.gov.np मा हेर्नु हुन अनुरोध छ ।

**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**